४. कार्यविधीको कार्यान्वयन

१. गाउँपालिका तथा वडाहरुमा वाल क्लव तथा संजाल गठन, व्ववस्थापन र सहजीकरणका लागि यस कार्यविधी बमोजीम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

२. वाल सहभागिता तथा वाल क्लव सहजीकरण लागि यस कार्यविधीको प्रचार प्रसार गर्नु र यस बमोजिम कार्यान्वयन गर्न गराउन गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशिल स्थानिय, राष्ट्रिय, अन्तराष्ट्रिय गैसस तथा विकाश साझेदार जिम्मेवारी हुनेछन।

## परिच्छेद २ : वाल क्लवको गठन प्रकृया

५. वाल क्लवका प्रकार

१. वाल क्लव भन्नाले: वालवालिकाहरुका लागि वालबालिकाहरु नै मिलेर गठन गरिएको र सामान्यतया २५ जना वालक वालिका सदस्य रहेको समूहलाई वाल क्लव मानिनेछ ।

२. यदि २५ जना भन्दा वढी वालवालिका कुनैपनि वाल क्लवमा आवद्ध भएको अवस्थामा उक्त वाल क्लव अन्तर्गत उप समुह गठन गर्नुपर्नेछ ।

३. यसरी गठन भएका वाल क्लवहरु गाउँपालिका तथा वडा कार्यालयमा सुचिकृत र नविकरण गर्नुपर्नेछ ।

४. वाल क्लवको गठन गर्दा ५ वर्ष देखि १८ वर्ष उमेर समूहका वालबालिकालाई समेट्नु पर्नेछ।

५.१ समुदायमा आधारित वाल क्लवहरु

- कुनै निश्चित भुगोलभित्रका वालवालिकाहरुलाई समेटेर वा निश्चित भौगोलिक कार्यक्षेत्र वनाएर गठन भएका वाल क्लवलाई समुदायमा आधारित वाल क्लव भनिनेछ ।
- नेपालको सन्दर्भमा कुनै टोल, वस्ती, वडा भित्र वाल क्लव गठन गर्न सकिन्छ ।
- यस्ता वाल क्लवले सम्वन्धित भुगोल भित्रका सवै उमेर लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका वालवालिकाहरुलाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागीता हुने सुनिश्चित गरिनुपर्नेछ ।
- यसरी वन्ने वाल क्लवमा सम्वन्धित क्षेत्रभित्रका वालबालिका मात्र सदस्य वन्न सक्नेछन्।



CamScanner

